<u>संवत् २०८० साल बैशाख १५ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः</u>

प्र.मं.प.बै.सं. ०४।०८०

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | यातायात व्यवस्था कार्यालयहरुको सेवा प्रवाहलाई प्रविधिमैत्री र छिटो छरितो बनाउन सुझाव सहितको प्रतिवेदन पेश गर्न कार्यदल गठन गर्ने। |
| २ | कृषि, ऊर्जा तथा जलस्रोत मन्त्रालय | लिफ्टिङ खानेपानी एवं सिँचाइ योजनाको विद्युत् महशुलमा अनुदान दिने। |
| ३ | विविध | लोकतन्त्रको लागि भएका जनआन्दोलनमा वीरगति प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति सम्मान तथा हार्दिक श्रद्धाञ्जली अर्पण गर्ने। |
| ४ | विविध | मन्त्रिपरिषद्को प्रवक्तामा माननीय मन्त्री श्री सरस्वती अर्याल तिवारीलाई तोक्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरु

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

## संवत् २०८० साल बैशाख १७ गते बसेको मन्त्रिपरिषद्‌को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ०५।०८०

| क.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | प्रदेश सभाको चालु अधिवेशन आह्वान गर्न सिफारिस गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्‌को निर्णयहरू

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

## संवत् २०८० साल बैशाख २४ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ०६।०८०

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्ष पदमा पालुङटार नगरपालिका-३, गोरखाका डा. कृष्णचन्द्र देवकोटालाई नियुक्त गर्ने। |
| २ | आर्थिक मामिला मन्त्रालय | पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८० स्वीकृत गर्ने। |
| ३ | आर्थिक मामिला मन्त्रालय | स्थानीय तहलाई वित्तीय समानीकरण अनुदानको अन्तिम किस्ता बापत हाललाई पचास प्रतिशतले हुन आउने रकम चौध करोड पचास लाख रुपैयाँ मात्र हस्तान्तरण गर्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्का निर्णयहरु

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

# संवत् २०८० साल बैशाख २८ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ०७।०८०

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची १ र २ मा हेरफेर गर्ने। |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश नीति तथा योजना आयोगको सदस्य पदमा म्याग्दे गाउँपालिका-२, तनहुँका डा. सुवास अधिकारीलाई नियुक्त गर्ने। |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को अनुसूची ३ मा हेरफेर गर्ने। |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | माननीय मुख्यमन्त्रीज्यूको प्रेस संयोजकमा भिमसेन थापा गाउँपालिका-८, गोरखाका श्री नरहरि सापकोटालाई नियुक्त गर्ने। |
| ५ | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७९/१२/२८ को बैठकबाट भएको प्रदेश खेलकुद परिषद्, गण्डकीको सदस्य सचिव नियुक्ति सम्बन्धी निर्णय बदर गरी मध्यविन्दु नगरपालिका-२, नवलपुर ठेगाना भएका श्री श्रीधर शर्मालाई प्रदेश खेलकुद परिषद्, गण्डकीको सदस्य सचिवमा नियुक्त गर्ने। |

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

## संवत् २०८० साल जेठ १ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ०८।०८०

| क.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | यातायात व्यवस्था कार्यालयहरूको सेवा प्रवाहलाई प्रविधिमैत्री र छिटोछरितो बनाउन सुझाव सहितको प्रतिवेदन, २०८० स्वीकृत गरी कार्यान्वयनमा लैजाने। |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकारका मन्त्रालयहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न समिति गठन गर्ने। |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश मन्त्रालयहरूको सचिवको जिम्मेवारी तोक्ने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*